जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पदेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७७/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

www.jaleshwortoday.com

जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

बर्ष १२ • अंक १९८ • २०८२ बैशाख २६ गते शुक्रवार • 9 May 2025 • पृष्ठ ४ • मुल्य रु.५/-

सूचना

जनकपुरधाममा घरभन्दा पनि राम्रो खाना सहितको कक्षा ८ सम्मको व्यवस्थित होस्टेलको लागि

सम्पर्क

९८१५८३०६०१

नीति तथा कार्यक्रममाथि संसदमा भइरहेको छलफल कर्मकाण्डी बन्दै

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २५ बैशाख

नीति तथा कार्यक्रममाथि संसदमा भइरहेको छलफल कर्मकाण्डी बन्दै गएको छ । छलफलमा भाग लिने सांसदको उपस्थितिसमेत संसद्का दुवै सदनमा नगण्य छ । आफ्ना धारणा राख्ने र बाहिरिने क्रमले नीति कार्यक्रममाथिको छलफल करिब करिब खाली सभामा भइरहेको छ ।

प्रतिनिधि सभामा नीति कार्यक्रममाथिको पछिल्लो तीन दिनको छलफलको अन्त्यसम्म नगण्य सांसद मात्र सभामा उपस्थित छन् । कुनै प्रश्न वा प्रस्ताव निर्णयार्थ पेस गर्नुपर्ने अवस्थाबाहेक गणपूरक सङ्ख्या आवश्यक नपर्ने भएपछि सांसदहरू हाजिर गरेर र आफ्नो बोल्ने क्रमपछि बाहिरिने गरेका छन् । सरकारका तर्फबाट राष्ट्रपति रामचन्द्र पौडेलले वैशाख १९ गते सङ्घीय संसद्को संयुक्त बैठकमा नीति कार्यक्रम पेस गर्नुभएको थियो । नीति कार्यक्रममा वैशाख २२ गतेबाट सभामा छलफल सुरु भएको थियो । प्रधानमन्त्री केपी शर्मा ओलीले छलफलको प्रस्ताव गर्नुभएसँगै प्रमुख विपक्षी दलका नेता पुष्पकमल दाहाल 'प्रचण्ड' बाट छलफल प्रारम्भ भएको थियो । छलफल प्रारम्भमा संशोधनकर्ता ३६ जनाले धारणा राखेका थिए । संशोधनकर्तापछि अन्य १५ सांसदले पनि छलफलमा भाग लिएका थिए ।

त्यसपछिका बैठकमा सुरुवातको उपस्थिति उल्लेख्य भए पनि छलफलका क्रममा सांसदको उपस्थिति निकै न्यून छ । नीति कार्यक्रमको छलफलमा शीर्ष नेताको उपस्थिति पनि न्यून छ । अन्य सांसद पनि उपस्थित हुने र फर्कने क्रम देखिन्छ । प्रतिनिधि सभामा मङ्गलबार २०८ सांसदको उपस्थिति थियो । आकस्मिक, शून्य र विशेष समयपछिको नीति कार्यक्रमको छलफलमा २१ सांसदले भाग लिएका थिए । खाली सभामा नै नीति कार्यक्रम छलफल भएको थियो । न्यून उपस्थितिमा छलफलको क्रम बुधबार पनि जारी नै रह्यो । संसद् सचिवालयका अनुसार बुधबार २१० सांसदको उपस्थिति छ तर नीति कार्यक्रमको छलफल भने खाली सभामा नै भयो । बुधबार पनि शीर्ष नेताको पहिलो लहर खोली नै थियो ।

सत्तापक्ष तथा प्रतिपक्ष दलका अधिकांश शीर्ष नेता उपस्थित छैनन् । आकस्मिक तथा विशेष समयपछि बुधबार २० भन्दा बढी सांसदले नीति कार्यक्रमको छलफलमा भाग लिएका छन् । भारत-पाक युद्धबारे ध्यानाकर्षण: भारत पाकिस्तान युद्धले नेपालमाथि पार्ने प्रभावबारे चनाखो हुन सांसदले सरकारको ध्यानाकर्षण गराएका छन् । काश्मीरको पहलगाममा आतङ्कवादी हमला भएको दुई सातापछि भारतले पाकिस्तानमाथि हमला गरेको हो । भारत-पाकिस्तानको युद्धको सन्दर्भमा सचेत रहन र आवश्यक सतर्कताका लागि सांसदले सरकारको ध्यानाकर्षण गराएका हुन् । प्रतिनिधि सभामा पूर्व परराष्ट्रमन्त्री एनपी साउदले घटनाबारे सरकार गम्भीर हुनुपर्ने बताउनुभयो ।

साउदले पाकिस्तानका सैन्य अधिकारीको नेपाल भ्रमणबारे पनि चासो प्रकट गर्नुभयो । उहाँले पूर्वनिर्धारित कार्यक्रम भए पनि उक्त भ्रमण समयसान्दर्भिक नभएको टिप्पणी गर्नुभयो । स्वतन्त्र सांसद अमरेशकुमार सिंहले पाकिस्तानी सेनाका उच्च अधिकारीको भ्रमण उपयुक्त समयमा नभएको बताउनुभयो । सिंहले तिनै सेना प्रमुखको नेपाल भ्रमणको आवश्यकताबारे पनि प्रश्न उठाउनुभयो । सांसद सर्वेन्द्रनाथ शुक्लले आतङ्कवादका सम्बन्धमा नेपालले आफूलाई प्रस्ट हुनु आवश्यक रहेको बताउनुभयो ।

असंलग्न परराष्ट्र नीति अवलम्बन भए पनि आतङ्कवादी क्रियाकलापबारे स्पष्ट हुन आवश्यक रहेको शुक्लाको भनाइ छ । उहाँले पहलगाम आक्रमणको निन्दा पनि गर्नुभयो । सांसद सञ्जयकुमार गौतमले दुई देशबिचको युद्धले नेपाललाई पार्ने प्रभावबारे सरकार सचेत हुनुपर्ने धारणा राख्नुभयो । खुला सीमाका कारण नेपालमा पर्न सक्ने प्रभावबारे सरकार सतर्क हुनुपर्ने पनि गौतमको धारणा थियो ।

ठगी गरेको अरोपमा ७ युवा पक्राउ

जलेश्वरटुडे समाचारदाता
धनुषा, २५ बैशाख

अनलाइन माध्यमबाट अढाई करोडभन्दा बढीको ठगी गरेको अरोपमा ७ युवा पक्राउ गरेको छ। पक्राउ पर्नेमा धनुषा, महोत्तरी र सर्लाहीका १९ देखि २३ वर्षका युवाहरु रहेका छन् । सामाजिक सञ्जालमार्फत फेक एकाउन्ट बनाएर ठगी गरेको आरोपमा उनीहरुलाई पक्राउ गरिएको हो।

पक्राउ पर्नेमा धनुषाधाम नगरपालिका-१ का २३ वर्षिय सुरज साह, सर्लाहीको बरहथवा नगरपालिका-७ का २२ वर्षिय नितेश कुमार साह, महोत्तरीको गौशाला नगरपालिका-१ का २२ वर्षिय रोशन साह, २१ सुधीर कुमार महतो, गौशाला-२ का १९ वर्षिय अमित साह, धनुषाको क्षीरेश्वरनाथ नगरपालिका-२ का २२ वर्षिय श्याम सुन्दर महरा र क्षीरेश्वरनाथ -१ का २० वर्षिय राम कुमार महरा रहेका छन्। धनुषाका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक बरुणबहादुर सिंहले पक्राउ परेका युवाहरु कुलतमा फँसेका युवाहरु रहेको बताए। पक्राउ परेका युवाहरुले अनलाईन माध्यमबाट विभिन्न किसिमको मोबाईल तथा लत्ता कपडाहरु लगायतका सर-सामानहरु सस्तोमा दिने भनि इन्सटाग्राम, टिकटक, फेसबुक, ह्वाट्सप लगायतको सामाजिक सञ्जाल प्रयोग गरी ठगी गर्दै आएका थिए।

पक्राउ परेका युवाहरुले विभिन्न २१ वटा सोसल मिडिया एकाउन्ट तथा पेजहरुको प्रयोग गरी ठगी गरेको देखिएको प्रवक्ता सिंहले बताए। उनका अनुसार पक्राउ परेका युवाहरुले सामान खरिद गर्ने भनी सामाजिक सञ्जालको प्रयोग गरी सम्पर्क गर्दा अग्रिम भुक्तानी लिने गरेको र पैसा लिइसकेपछि उनीहरुलाई ब्लक गरी सम्पर्क विहिन हुने गरेको देखिएको हो।

पक्राउ परेका युवाहरुले गाउँ घरमा आर्थिक अवस्था कमजोर भएका मानिसहरुलाई रकमको प्रलोभन देखाई निजहरुको नाममा बैंक, वित्तिय संस्था तथा वालेटहरुमा खाता खोल्न लगाई मोबाईल ब्याकिङ्ग समेत खोली सोही खाताहरुमा अनलाइन माध्यमबाट रकम पठाउन लगाउने गरेका थिए । पक्राउ परेका युवाहरुको साथबाट विभिन्न बैंक तथा वालेट गरी १८७ वटा खाताहरुको विवरण फेला परेको र उक्त खाताहरुबाट हालसम्म २ करोड ६३ लाख ९३ हजार १९२ रुपैयाँ बराबरको कारोवार भएको देखिएको हो ।

GALAXY SCHOOL/COLLEGE
Bajrang Chowk, Janakpurdham-8
041-524969/9854028024
NEB AFFILIATED
Admission Open !
+2
- SCIENCE
- MANAGEMENT
- EDUCATION
- LAW with Computer
Super 81 Scholarship Scheme

33 Years of Academic Excellence

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
सबै क्षेत्रको प्रवर्द्धनको लुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि

सम्पादकीय.....

सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई कदर गरौं

सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई विश्वको सर्वोत्तम शासन प्रणाली मानिन्छ । जननिर्वाचित संविधान सभाको दुई तिहाइभन्दा पनि बढी सदस्यको सहयोग, समर्थन र सहमतिबाट जारी भएको नेपालको संविधानको स्वीकार्यता, मान्यता र वैधता सर्वोपरि छ । वर्तमान संविधानकै विशेषता हो कि देशका महिला, आदिवासी, जनजाति, मधेशीलगायत आर्थिक, सामाजिक र राजनीतिक रूपले पछाडि परेकाहरूलाई पनि शासन सत्ताको सञ्चालनमा सम्मानजनक सहभागिता गराइएको छ ।

वर्तमान संविधानमा समावेशिताको जुन प्रावधान राखिएको छ, यसले गर्दा सबै क्षेत्रमा उपरोक्त वर्गको प्रतिनिधित्वलाई सुनिश्चित गरिएको छ । नीति निर्माणको ठाउँमा सबैको पहुँच सम्भव भएको छ तर निरङ्कुश पञ्चायती शासनमा सत्ताको बागडोर सम्हालेका र सत्ताका वरिपरि रहेर आफ्नो निहित स्वार्थपूर्ति गर्न सफल भएकालाई यो परिवर्तन पच्न सकिरहेको छैन । यथास्थितिवादमा नै सबै समस्याको समाधान हेर्न चाहनेहरू यथार्थमा आफ्नो अतृप्त सत्ता लिप्सालाई पूरा गर्न वर्तमान शासन प्रणालीका केही प्राविधिक कमीकमजोरीलाई अतिरिञ्जित रूपमा प्रस्तुत गरी जनतामा भ्रम फैलाउने असफल प्रयास गरिरहेका छन् ।

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको शीतल छहारीमा आनन्दको अनुभूति गरिरहेका नेपाली जनता अब प्रतिगमनलाई कहिल्यै समर्थन गर्ने छैनन् । लोकतान्त्रिक शासन प्रणालीमा संविधानद्वारा प्राप्त अधिकारको उपयोग गर्नु सबैको हक हो । फेरि हजारौं नेपाली जनताको त्याग, बलिदान, समर्पण र भगीरथ प्रभावबाट प्राप्त लोकतन्त्रलाई प्रतिगमनका निम्ति कसरी बलिदान गर्न सकिन्छ ? सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका निम्ति अपरिहार्य र अपरिवर्तनीय आत्मासरह हो ।

रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना

जलेश्वरटुडे समाचारदाता
सप्तरी, २५ बैशाख

मन्त्रिपरिषद्को बैठकले २०७५ साल पुस १६ गते सप्तरीको राजविराजमा रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्ने निर्णय गऱ्यो । ०७८ जेठ २१ मा मन्त्रिपरिषद्कै बैठकबाट राजविराज नगरपालिकाले उपलब्ध गराएको वडा नम्बर १० स्थित रहेको ६२ बिघा जग्गा प्रतिष्ठानका नाममा ३० वर्षका लागि लिजमा दिने निर्णय भएको थियो । त्यसपछि प्रधानमन्त्री केपी शर्मा ओलीले २०७८ असार २२ गते काठमाडौंबाटै भर्चुअल माध्यमबाट प्रतिष्ठानको शिलान्यास गर्नु भएको थियो । त्यसबेला प्रधानमन्त्री ओलीबाट शिलान्यास भएपछि बहुचर्चित एवम् प्रतिक्षित रामराजा प्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान मेडिकल कलेज राजविराजमा बन्ने निश्चित भएको यहाँका आम सर्वसाधारणमा निकै चर्चाको विषय बनेको थियो ।

प्रतिष्ठानको शिलान्यास गर्नुहुँदै त्यतिबेला पनि प्रधानमन्त्री रहनुभएका ओलीले निर्माणको काम पूरा भएपछि सप्तरी जिल्लाको आर्थिक विकासमा ठुलो मद्दत पुग्ने विश्वास व्यक्त गर्नु भएको कुरा सप्तरीवासीलाई अहिले पनि स्मरणमा छ । तर त्यही प्रतिष्ठानको बुधबार पुनः शिलान्यास भएको छ । जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले एक कार्यक्रकाबिच प्रतिष्ठानको बुधबार पुनः शिलान्यास गर्नुभएको हो । प्रतिष्ठानको शिलान्यासपछि सञ्चारकर्मीहरुसँग प्रतिक्रिया दिनुहुँदै डा. राउतले आफ्नै किसिमको तर्कहरु प्रस्तुत गर्नुभयो । सप्तरी क्षेत्र नम्बर २ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य समेत रहनु भएका उहाँले प्रधानमन्त्री ओलीले शिलान्यास गर्नुभएको भए पनि त्यसको म्याद गुज्रिसकेकाले पुरानोसँग कुनै सरोकार नरहेको जिकिर गर्नुभयो । यस अघिको गठन भएको आदेशको म्याद नै गुज्रिसकेको र यहाँका जनताले आन्दोलन गरेपछि हामीले ध्यान दिएपछि नयाँ गठन आदेश जारी भएर पुनःगठन भएको हुँदा शिलान्यास गरिएको उहाँको तर्क छ । "पहिलाको गठन आदेशको म्यादै गुज्रिसकेको थियो, नवीकरण नै गरेन, त्यो शिलान्यासको म्याद हामी निर्वाचन हुनुभन्दा अघि नै गुज्रिसकेको थियो ।"

नक्कली नेपाली नोटसहित एक पक्राउ

जलेश्वरटुडे समाचारदाता
सर्लाही, २५ बैशाख

सर्लाहीको बलरा नगरपालिका-२ जमुनियामा प्रहरीले एक भारतीय नागरिकलाई नक्कली नेपाली नोटसहित पक्राउ गरेको छ। भारतबाट नेपाल प्रवेश गर्ने क्रममा चेकजाँच गर्दा उक्त व्यक्ति सँग नक्कली नोट फेला परेको हो।

छन्कीटोला स्थित प्रहरी चौकीबाट खटिएको टोलीले साँझ भारत तर्फबाट आइरहेको घच ३० ब ८३६३ नम्बरको मोटरसाइकललाई शंका लागेर रोकेको थियो । मोटरसाइकल चलाइरहेका व्यक्ति भारतको बिहार राज्य, सितामढी जिल्लास्थित मधुकरपुर गाउँपालिका-९ निवासी ३४ वर्षीय विश्वनाथ साह रहेको खुलेको छ। चेकजाँच गर्दा साहको साथबाट नेपाली हजार दरका आठ थान नक्कली नोट बरामद भएको प्रहरीले जनाएको छ। साथै, नेपाली रुपैयाँ ४ हजार ५ सय ९० र भारतीय रुपैयाँ ६ हजार ३ सय ४५ पनि फेला परेको थियो। साहलाई नक्कली र सक्कली नोट तथा मोटरसाइकल सहित नियन्त्रणमा लिई सर्लाही जिल्ला अदालतबाट म्याद थप गरेर थप अनुसन्धान भइरहेको प्रहरीको भनाइ छ।

व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।
– खाद्यान्न कार्यक्रम संचालन गर्न सहयोग मिल्ने ।
– आवासको व्यवस्था गर्न सजिलो हुने ।
– व्यक्तिगत घटना दर्ताका लागी सम्बन्धीत वडा कार्यालयमा सम्पर्क राखौं तथा घटना दर्ताको लागि आवश्यक कागजात एवं प्रकृयाहरु नागरिक वडा पत्रमा अध्ययन गरौं ।

लालबन्दी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सर्लाही, मधेश प्रदेश नेपाल

तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: खानपानमा समस्या आउने
मिथून: अनावश्यक चिन्ता
कर्कट: मनमा पछुतो आउने
सिंह: मित्रतामा फाटो आउने
कन्या: पढाईमा ध्यान दिनुपर्ने
तुला: अनावश्यक खर्चको संभावना
वृश्चिक: लामो यात्राको योग छ
धनु: आम्दानी हुने
मकर: अशुभ समाचार प्राप्त हुने
कूम्भ: पिछडेको साथी मिल्ने
मीन: शुभ कार्यको शुरुवात

मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।

आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा

आवश्यक टेलिफोन नम्बरहरु

जलेश्वर

नेपाल पत्रकार महासंघ महोत्तरी	५२०५१५
जलेश्वरअस्पताल एम्बुलेन्स	९७४४००२५२७
नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स	५२०१००,
सामुदायिक विकास परि.एम्बुलेन्स	५२१००५,
RCDSC एम्बुलेन्स	५२०२९८,
दसहारा एम्बुलेन्स	५२०६७७, ९८४४२६००००
बर्दिबास अस्पताल एम्बुलेन्स	५५००९०,
बर्दिवास सेवा समिति एम्बुलेन्स	५५०५८६,
रामगोपालपुर एम्बुलेन्स	६९०५९३
जिल्ला प्रहरी	५२०००९
विद्युत	५२०१६६
वारुण यन्त्र	५२००९७
जिल्ला प्रशासन	५२००५५

आवश्यक नम्बरहरुको लागि सम्पर्क गरौं १९७

जनकपुर

प्रहरी धनुषा	520099, 100
सुरक्षा गुल्म जनकपुर बैरेक	0186,526586
सशस्त्र प्रहरी मुजेलिया	527213, 527800
मुजेलिया प्रहरी चौकी	520750
ट्राफिक कार्यालय जिरोमाईल	520366
एम्बुलेन्स पब्लिक वेल फेयर	9854022474
एम्बुलेन्स रेडक्रस	102
एम्बुलेन्स (सरोज फाउन्डेशन)	522806
महाबीर एम्बुलेन्स	525980
एम्बुलेन्स मेडिकल कलेज	526091
एम्बुलेन्स केयर मेडिकल सेन्टर	523864
बरुण यन्त्र जनपा	520011
जिल्ला जनस्वास्थ्य कार्यालय	526271
जनकपुर अंचल अस्पताल	520033
केयर मेडिकल सेन्टर	523864
धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि.	525800
जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर	525342

जलेश्वरनाथ मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना)

जानकी मन्दिर पुजाआजा

विहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

पाकिस्तानले सीमा रेखामा आक्रमण थालेपछि भारतीय सेना वायु, समुद्र र स्थलमा हाई अलर्ट

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २५ बैशाख

पाकिस्तानले जवाफी कारबाही थालेसँगै भारतले वायु, समुद्र र स्थलमा हाई अलर्टको रणनीति अपनाएको छ। जम्मू-कश्मीरको सीमा रेखाछेउको गाउँमा पाकिस्तानी सेनाले गरेको बमबारीमा १५ जना मारिएको र ५० बढी घाइते भएको घटनालगत्तै भारतले वायु, समुद्र र स्थलमा हाई अलर्ट जारी गरेको हो।

सीमा रेखा नजिकैको अग्रिम गाउँलाई निशाना बनाएर पाकिस्तानी सेनाले गरेको गोलीबारी तथा बमबारीमा चार बच्चा र एक सैनिकसहित १३ जनाको मृत्यु भएको समाचार एजेन्सी पीटीआईको हवाला दिँदै टाइम्स अफ इन्डियाको अनलाइन संस्करणले उल्लेख गरेको छ। पाकिस्तानले जवाफी कारवाही बढाउन सक्ने सम्भावनालाई आँकलन गर्दै तीन तिरैबाट हाई अलर्ट रहनु परेको भारतीय रक्षा मन्त्रालयले जनाएको छ। उता, पाकिस्तानी प्रधानमन्त्री शहबाज सरिफले पहलगाममा भएको हत्यापछि पाकिस्तानलाई भारतीय आक्रमणको जवाफ दिएको प्रतिक्रिया दिएका छन्। राष्ट्रको नाममा सम्बोधन गर्ने क्रममा उनले भारतीय फाइटर विमान खसालेको कुरा दिल्ली आफैंले पुष्टि गरेको उल्लेख गर्दै, 'यो हाम्रोतर्फबाट जवाफ थियो' भनी अभिव्यक्ति दिएका हुन्।

भारतले बुधबार राती गरेको क्षेप्यास्त्रसहितको हवाई आक्रमण हालै पहलगाममा भारतीय पर्यटकको क्रूरतापूर्वक गरेको आमहत्याको जवाफ भएको बताइरहँदा इस्लामावादले भने त्यसमा आफ्नो संलग्नता अस्वीकार गरेको छ।

महाभारतमा यी पात्रको भूमिका निभाउन चाहन्छन् आमिर खान

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २५ बैशाख

बलिउड अभिनेता आमिर खान यतिबेला आफ्नो आगामी फिल्म 'सितारे जमीन पर' का कारण चर्चामा छन्। यसैबिच, एक अन्तरवार्ताको क्रममा आमिरले आफ्नो ड्रिम प्रोजेक्ट महाभारतबारे रोचक खुलासा गरेका थिए। आमिर खान लामो समयदेखि आफ्नो ड्रिम प्रोजेक्ट महाभारतको बारेमा कुरा गर्दै आएका छन्। यो परियोजना आफ्नो मनको धेरै नजिक रहेको उनले बताएका छन्।

'महाभारत बनाउने त मेरो सपना हो, तर यो धेरै गाह्रो छ,' उनले भनेको भन्दै न्युज १८ डट कमले समाचार छापेको छ। महाभारत एक ठुलो फिल्म फ्रान्चाइजी हुने र जसमा फरक-फरक निर्देशकहरूले फरक-फरक भागहरूमा काम गर्ने यस महिनाको सुरुमा आमिरले पुष्टि गरेका थिए। कुन पात्र निर्वाह गर्न चाहनुहुन्छ भनेर सोध्दा आफूलाई कृष्णको चरित्र मन पर्ने र उनीबाट धेरै प्रेरित रहेको पनि बताएका थिए। ठुलो स्तरमा बनाइनेछ फिल्मः यसबारे अहिले धेरै भन्न नचाहेको तर यो धेरै ठुलो परियोजना भएको आमिरले बताए। प्रत्येक पात्रको लागि सही कलाकारहरू छनोट गरिने उनको भनाइ छ। 'हामी हेर्नेछौं कि कुन पात्र कसको लागि उपयुक्त छ' उनले भने। यो फिल्म आफैं निर्देशन नगर्ने पनि उनले स्पष्ट पारे। यो निकै ठुलो प्रोजेक्ट भएको र यसको कहानी एउटै फिल्ममा भन्न नसकिने पनि उनले बताए। यसका लागि कयौं भागमा फिल्म बनाउनुपर्ने र धेरै निर्देशकहरू चाहिन सक्ने पनि उनको भनाइ थियो। आमिर खान चाँडै नै फिल्म 'सितारे जमीं पर' मा देखिनेछन्, यो फिल्म उनको फिल्म 'तारे जमीं पर' को सिक्वेल हो। हालै आमिरले फिल्म सितार जमिन परको पोस्टर रिलिज गरेर यसको रिलिज मिति सार्वजनिक गरेका थिए।

आज कुन देशको मुद्राको मूल्य कति ?

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २५ बैशाख

नेपाल राष्ट्र बैङ्कले बिहीबार आजका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैङ्कका अनुसार अमेरिकी डलर एकको खरिददर १३५ रुपैयाँ ४३ पैसा र बिक्रीदर १३६ रुपैयाँ ०३ पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिददर १५३ रुपैयाँ ९५ पैसा र बिक्रीदर १५४ रुपैयाँ ६३ पैसा, युके पाउन्ड स्टर्लिङ एकको खरिददर १८० रुपैयाँ ८० पैसा र बिक्रीदर १८१ रुपैयाँ ६० पैसा, स्विस फ्र्याङ्क एकको खरिददर १६४ रुपैयाँ ३७ पैसा र बिक्रीदर १६५ रुपैयाँ ०९ पैसा कायम गरिएको छ।

अष्ट्रेलियन डलर एकको खरिददर ८७ रुपैयाँ ७० पैसा र बिक्रीदर ८८ रुपैयाँ ०९ पैसा, क्यानेडियन डलर एकको खरिददर ९८ रुपैयाँ १९ पैसा र बिक्रीदर ९८ रुपैयाँ ६३ पैसा, सिङ्गापुर डलर एकको खरिददर १०४ रुपैयाँ ९२ पैसा र बिक्रीदर १०५ रुपैयाँ ३९ पैसा निर्धारण गरिएको छ। जापानी येन १० को खरिददर ९ रुपैयाँ ४५ पैसा र बिक्रीदर ९ रुपैयाँ ४९ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ७४ पैसा र बिक्रीदर १८ रुपैयाँ ८३ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३६ रुपैयाँ ११ पैसा र बिक्रीदर ३६ रुपैयाँ २६ पैसा, कतारी रियाल एकको खरिददर ३७ रुपैयाँ १५ पैसा र बिक्रीदर ३७ रुपैयाँ ३२ पैसा कायम भएको छ।

केन्द्रीय बैङ्कका अनुसार थाई भाट एकको खरिददर चार रुपैयाँ १५ पैसा र बिक्रीदर चार रुपैयाँ १६ पैसा, युएई दिराम एकको खरिदर ३६ रुपैयाँ ८७ पैसा र बिक्रीदर ३७ रुपैयाँ ०४ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ ८५ पैसा र बिक्रीदर ३२ रुपैयाँ ०९ पैसा, साउथ कोरियन वन एक सयको खरिददर ९ रुपैयाँ ७३ पैसा र बिक्रीदर ९ रुपैयाँ ७८ पैसा, स्विडिस क्रोनर एकको खरिददर १४ रुपैयाँ ११ पैसा र बिक्रीदर १४ रुपैयाँ १७ पैसा र डेनिस क्रोनर एकको खरिददर २० रुपैयाँ ६३ पैसा र बिक्रीदर २० रुपैयाँ ७२ पैसा तोकिएको छ।

तेस्रो जनकपुरधाम मेयर कप टी-२० क्रिकेट हुने

जलेश्वरटुडे समाचारदाता
धनुषा, २५ बैशाख

जनकपुरधाममा तेस्रो संस्करणको मेयर कप टी-२० क्रिकेट प्रतियोगिता भोलिदेखि हुने भएको छ। जनकपुरको निर्माणाधीन रामजानकी बहुउद्देश्यीय रंगशालामा भोलिदेखि जनकपुरधाम उपमहानगरपालिकाको आयोजनामा हुने यो प्रतियोगिताबारे जिल्ला क्रिकेट संघले पत्रकार सम्मेलनले जानकारी गराएको छ।

प्रतियोगितामा भारतका चार सहित मधेश प्रदृशका आठवटै जिल्लाबाट १२ टिम सहभागी हुने क्रिकेट संघ धनुषाका सचिव आशिष कुमार झाले जानकारी दिए। उनका अनुसार भारतबाट दिल्ली, लखनऊ (उत्तर प्रदेश), मुजफ्फरपुर र पुर्निया (बिहार) का टोलीहरू सहभागीले हुने छन्। प्रतियोगिताको विजेता टिमलाई दुई लाख रुपैयाँ र उपविजेतालाई एक लाख पच्चीस हजार रुपैयाँ पुरस्कार दिइने उनले बताए। प्रत्येक खेलमा म्यान अफ द म्याच घोषित खेलाडीलाई केएफसीको ५ हजार बराबरको गिफ्ट भौचर, ३ हजार नगद तथा ट्रफी प्रदान गरिनेछ।

प्रतियोगितामा उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरू– बेस्ट ब्याट्समान, बेस्ट बलर र म्यान अफ द सिरिजलाई नगदसहित सम्मान गरिने जिल्ला क्रिकेट संघका सदस्य सरोज मिश्रले बताए। जेठ २ गतेसम्म खेलमा अनुमानित खर्च ३४ लाख ७६ हजार ५५० रुपैयाँ लाग्ने अनुमान गरिएको छ। उपमहानगरपालिकाले २० लाख रुपैयाँ सहयोग गरेको छ भने बाँकी रकम विभिन्न दातृ संस्थाको सहयोगबाट व्यवस्थापन गरिएको आयोजकले जनाएको छ। जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख मनोज कुमार साहले क्रिकेटलाई प्रवर्द्धन गर्न अन्तर्राष्ट्रिय रंगशाला बनाउन पहल गरिरहेको बताए।

पाका नेताको सान्दर्भिकता कति ?



परिवर्तनलाई समय र सान्दर्भिकतासँग जोड्ने नायकको हातमा मुलुक नगएसम्म यो सडक र प्रहरीको कठबाँसको लौरोले विश्राम पाउने स्थितिसमेत बन्ने छाँट देखिँदैन । सबैखाले असन्तुष्टिहरूले एकीकृत र संगठित आकार हासिल नगरुन्जेलसम्म नयाँ लायकको नायक पनि स्थापित हुन सक्ने अवस्था देखिँदैन । जब जनविरोधका स्वरहरूले जनविद्रोहको स्वरूप लिन खोजिरहेको हुन्छ, त्यति बेला जनउत्तरदायी सरकारले गर्ने राज्य दमनलाई प्रस्ट्याउन र सान्दर्भिकतासँग जोड्न अग्रगमन र प्रतिगमनको भट्टा मुट्टालाई आवरणका रूपमा प्रयोग गरिरहेका हुन्छन् । मुलुकले सबैखाले प्रणालीको प्रयोग गर्दासमेत मुलुकमा प्रेरणादायी र प्राणदायी काम हुन सकेन । दुईतिहाइको सरकारले पनि दुई कौडीको काम गर्न सकेन भन्ने आम बुझाइ र प्रतिक्रियालाई खारेज गर्न नसकिरहेको अवस्था छ ।

शिक्षा, चिकित्सा, निजामती सबै क्षेत्र आन्दोलित छन् । सबैले भाग र माग मात्र खोजिरहेका बेलामा सरकार आफ्नै पारामा रमाइरहेको देखिन्छ । सरकारकै पाराले गर्दा आम सर्वसाधारणले दुःख पाएको भाष्य निर्माण भइरहेको छ । यो नकारात्मक भावले आमनागरिकमा आवेग, उत्तेजना र घृणा फैलाइरहेको देखिन्छ, यसलाई सही दिशा दिने र मुलुकको दशा सुधार्ने पात्र वा प्रतिनिधि नायकको खोजी पनि यही मेसोमा भइरहेको देखिन्छ । वास्तवमा, आन्दोलनकै गर्भ र प्रसव पीडाको अनुभूतिबाट जन्मेका र हुर्केका अहिलेका पाका नेताहरू नै सबै समस्याका बाधक हुन् भन्ने आम बुझाइ प्रबल भइरहेका बखत पाका नेताले पनि आफूलाई समय र सान्दर्भिकतासँग जोड्न सकिरहेका छैनन् । समयको माग र पाका नेताको सोचका बीचमा ठूलै अन्तर देखिएकाले पनि यिनीहरू नै नायक रहुन्जेलसम्म मुलुकमा लायकका काम हुने सम्भावना नरहने देखिन्छ । विगतका पटक-पटक अभ्यासबाट पनि यिनीहरूको नीति र नियत असान्दर्भिक प्रमाणित भइसकेको छ । अहिले मुलुकको आन्तरिक सुरक्षा अवस्था र आमनागरिकको दैनिकीसमेत कष्टकर बन्दै गएको छ । हाम्रा पाका नेता भने राज्य प्रणालीलाई प्राविधिक रूपमा प्राप्त अंकको सुविधाको दुरुपयोग गर्दै सत्ताकै खेलमा रमाइरहेका देखिन्छन् । यो सत्ता लिप्साबाट संन्यास र विश्राम लिने छाँट नदेखाएकाले आमनागरिक झनै अधैर्य हुन थालेका हुन् । मुलुकमा अधैर्यताको अवस्थालाई अनिश्चितताको पर्यायका रूपमा पनि बुझ्न सकिन्छ । त्यसैले यस्तो अवस्थामा 'जे अनिश्चित छ, त्यही मात्र सुनिश्चित' छ भन्ने गरिन्छ । यो आवेग र अधैर्यताले जन्माएको अनिश्चितताभित्र पनि राजनीतिको कुटिल रणनीतिक चालमा मात्रै रमाइरहने नेताले समयको चाल र समयले नै जन्माइसकेको सान्दर्भिकताको चापलाई बुझ्न सकेका छैनन् । त्यसैले मुलुकले फेरि अर्को जनविरोध वा जनविद्रोहको धक्का खोजिरहेको देखिन्छ ।

वास्तवमा समय र सान्दर्भिकता बुझेका नेताको पहिलो गुण भनेकै सहनशीलता र सहिष्णुता हो । जो असहनशील हुने गर्छन्, उनीहरू प्रतिक्रियामा रमाउने र प्रतिरोधमा उत्रिने गर्छन् । यिनीहरूका क्रियाकलाप जति असंगत हुने गर्छन्, प्रतिक्रियाहरू पनि त्यत्तिकै असान्दर्भिक र उट्पट्याङ किसिमका हुन्छन् । अरूलाई बोलेर वा पेलेर भित्तैमा पुऱ्याउन पाएकामा यिनीहरूको दिमागमा भएको डोपामिन (खुसी र दुःखसँग सम्बन्धित हर्मोन) सक्रिय हुने गर्दछ । रचनात्मक सोचबाट कोसौं टाढा रहेका यी नेताको मनस्थिति नै क्षतिग्रस्त किसिमको हुने गर्छ । त्यसैले त यिनीहरूका कार्यक्रम र कर्मले मुलुकमा दशा मात्रै निम्त्याउने गर्छ । हाम्रा सरकार प्रमुखका सार्वजनिक अभिव्यक्तिले स्वयं हामीलाई लज्जाबोध हुन्छ । तर उनीहरू त्यसैमा रमाइरहेका हुन्छन् । 'मोटाएका किर्ना, फट्यांग्रा खाने, बाघे झापु हान्ने, अरिंगालजस्तै आक्रमण गर्ने' शब्दावली प्रयोग गरेर सार्वजनिक अभिव्यक्ति हाम्रै सरकार प्रमुखका मुखारबिन्दुबाट आउँछन् । यस्ता वाणी कुनै झुन्ड र समूहका लागि प्रेरणादायी र कर्णप्रिय उपदेश भइदिन्छन् । यो अर्को विडम्बना र परिवर्तनको प्रमुख बाधक तत्त्व हो । परिवर्तनलाई समय र सान्दर्भिकतासँग जोड्ने नायकको हातमा मुलुक नगएसम्म यो सडक र प्रहरीको कठबाँसको लौरोले विश्राम पाउने स्थितिसमेत बन्ने छाँट देखिँदैन । सबैखाले असन्तुष्टिहरूले एकीकृत र संगठित आकार हासिल नगरुन्जेलसम्म नयाँ लायकको नायक पनि स्थापित हुन सक्ने अवस्था देखिँदैन । त्यसैले अहिले यही अवस्था र संख्यामा निर्भर यही राजनीतिक व्यवस्थाको भरपूर फाइदा यिनै पुराना नेताले उठाइरहेका छन् । आफूले मात्रै उठाइरहेको काइदाको फाइदामा आमनागरिकको पहुँच स्थापित हुनुपर्‍यो भन्ने सडकका मुद्दाले धक्का दिन थालेपछि अवाञ्छित तत्त्वहरू पनि सक्रिय हुन थालेका देखिन्छन् । जसले गर्दा मुलुकको आन्तरिक र बाह्य दुवै सुरक्षामा चुनौती थपिँदै गएको छ । हिंसा, प्रतिहिंसा, विद्रोह र प्रतिविद्रोहको खेलबाट मुलुकलाई जोगाउन अब नयाँ र सर्वमान्य सहमतिको साझा चौतारीलाई राजनीतिक रूपमै हल गर्न आवश्यक देखिन्छ । अर्कोतर्फ समयको चाललाई आत्मसात् गर्ने नयाँ नेतृत्वलाई राज्यका हरेक तहमा उचित र निर्णायक स्थान दिइनुपर्ने आवाजलाई सुशासनको राष्ट्रिय मुद्दा बनाउन अपरिहार्य भइसकेको देखिन्छ ।

अब पनि पुरानै नेताबाट अहिलेका समस्या हल गर्ने र समयको सान्दर्भिकता खोज्ने सपना कसैले देख्दछ भने त्यो त नितान्त निजी र स्वार्थपरक मात्रै हुन सक्दछ । संघीयताले विकासको सान्दर्भिकता र धर्म निरपेक्षताले सांस्कृतिक सहिष्णुता र गौरवशाली पहिचान खोजिरहेको सन्दर्भ सँगसँगै कैयन् बलजफ्ती थुपारिएका राजनीतिक मुद्दाले फेरि पेसी र प्रमाणित औचित्य खोजिरहेको देखिन्छ ।

सांभार : कान्तिपुर ।

सेवाश्रम नेपालको १८ औं पुरस्कार वितरण कार्यक्रममा उपेन्द्र प्रथम

जलेश्वरटुडे समाचारदाता
जनकपुरधाम, २५ बैशाख

सेवाश्रम नेपालद्वारा संचालित हाजिरीजबाफ प्रतियोगिताको १८ औं पुरस्कार वितरण कार्यक्रममा उपेन्द्र यादव प्रथम भएको छ । पूर्व जि.शि.अ.रामबृक्ष साहको प्रमुख आतिथ्य,राममिलन यादव तथा रामभरोस यादवको विशिष्ट आतिथ्य र दानिकान्त झाको अध्यक्षतामा संचालित हाजिरीजबाफ प्रतियोगिता कार्यक्रममा उपेन्द्र यादव प्रथम,शिवम साह द्वितिय,शिवलाल साह तृतिय,संजिव महतो चतुर्थ,उज्जवलजी उन्नति पञ्चम,प्रमिला कुमारी यादव छैठौं,उत्कृष्टजी उपमा सातौं,रौनक मण्डल आठौं तथा शैलेन्द्र यादव नवम स्थान ओगटी विभिन्न परिमाणको रिचार्ज भाउचर तथा आकर्षक उपहार प्राप्त गर्न सफल भएका थिए । कार्यक्रममा सामेल हुनको लागि मोबाइल नं. ९७६२३०५६२३ मा सम्पर्क गर्न सकिने आयोजकले बताए ।

अनुरोधकर्ता
क्षीरेश्वरनाथ नगरपालिका
धनुषा, मधेश प्रदेश

अनुरोधकर्ता
धनुषाधाम नगरपालिका
धनुषा, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिंटर्स जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday